मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# विश्व प्रेस स्वतन्त्रता दिवसको शुभकामना !

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आम सञ्चारकर्मी र पत्रकार तथा प्रेस स्वतन्त्रताप्रेमी सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि विभिन्न संघर्षहरुमा जीवन अर्पण गर्नुहुने सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जटिल परिस्थितिमा पनि संयमित भएर नेपाली पत्रकारिताले निर्वाह गरेको भूमिका सह्रानायोग्य छ । सञ्चारको हक नागरिकको मौलिक हक हो । नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रतालाई अंगीकार गरेको छ ।

संविधानले व्यवस्था गरेको प्रेस तथा अभिव्यक्ति र पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चितताका लागि गण्डकी प्रदेश सरकार प्रतिबद्ध छ । सरकारका तर्फबाट निर्माण गर्नुपर्ने सञ्चार सम्बन्धी ऐन, नियम बनाउन प्राथमिकताका साथ लाग्नेछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबाट नै लोकतन्त्र मजबुत हुनेमा म विश्वस्त छु । आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणमा प्रेस जगतको योगदान प्रशंसनीय र अतुलनीय छ । संविधानमार्फत् प्राप्त अधिकारको सही प्रयोग र कर्तव्यनिष्ठ समाज निर्माणमा प्रेस जगत अझै निर्भीक भएर लागिरहन सकोस् । पत्रकारिता क्षेत्रमा केही समस्याहरु देखा परे पनि सबैखाले समस्यालाई हामीले सामूहिक रुपमा समाधान गर्न सक्नेछौं ।

प्रविधिको प्रयोगले परम्परागत सञ्चार माध्यमहरु क्रमश संकटमा पर्दै गएका छन् । प्रविधिलाई आत्मासात् गर्दै पत्रकारिताले खोजमूलक र अनुसन्धानात्मक विषयमा ध्यान केन्द्रित गर्न सकोस्, आफैलाई परिस्कृत गर्न सकोस् । लोकतन्त्रको पहरेदारका रूपमा रहेको मुलुकको चौंथो अंगमाथि जुनसुकै ढंगले हुन सक्ने नियन्त्रणलाई अस्वीकार गर्दै प्रेस जगतलाई स्वतन्त्र मर्यादित र व्यावसायिक बनाउन सरकारले खेल्नुपर्ने सबैखाले भूमिकाका लागि तयार छ र रहनेछ ।स्वदेश र विदेशमा रहनुहुने नेपाली सञ्चारकर्मीहरुलाई विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा पुन: बधाई र शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८० वैशाख २०

सुरेन्द्रराज पाण्डे